# स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली

## Sub-national Treasury Regulatory Application- SUTRA

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व

Public Expenditure and Financial Accountability

# SUTRA : परिचय

- SuTRA को पुरा अर्थ Sub-national Treasury Regulatory Application हो । यसलाई नेपालीमा "प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली" नामाकरण गरिएको छ । यसमा Province र Local गरी दुई मुख्य प्रणाली रहेका छन् ।
- स्थानीय सुत्र (Local SuTRA) संविधानको धारा २२९ र स्थानीय सरकार सञ्चालन ऐनको दफा ६९ बमोजिम सञ्चालन हुने स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरूपता कायम गर्न यो प्रणाली विकास गरिएको हो ।
- अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको निर्देशनमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले महालेखा नियन्त्रक कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा यो प्रणाली विकास गरेको हो ।
- यो प्रणाली महालेखा परीक्षकबाट हालै स्वीकृत भएको एकीकृत आर्थिक संकेतको वर्गीकरण र व्याख्या २०७४ अनुरूप तयार गरिएको छ ।
- यो प्रणाली नेपाल सरकारको २०७४/०८/०३ को निर्णयबाट स्वीकृत भएको छ ।
- यो प्रणाली सबै स्थानीय तहलाई निःशुल्क उपलब्ध गराइएको छ । स्थानीय तहले प्रणाली सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको प्रशिक्षण तथा सञ्चालन लागत मात्र व्यवस्थापन गरे पुग्छ ।

# SUTRA विकासका आधारहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक ब्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा पुस्तिका
- एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र ब्याख्या, २०७४
- नेपाल सरकारको लेखा निर्देशिका, २०७३

# SUTRA : प्राविधिक विवरण

- यो प्रणाली  Microsoft Windows Platform आधारित Web based प्रणाली हो |
- यसको Database मा Microsoft SQL Server 2012 को प्रयोग भएको छ ।
- यसको Server Side Scripting Language को रुपमा ASP प्रयोग गरिएको छ |
- अनलाईनमा आधारित यो प्रणाली कुनै पनि Web Browser बाट सहजै खोल्न सकिन्छ। यसका Reports राम्रो रूपमा प्राप्त गर्न र प्रिन्ट गर्न Firefox Browser बढी प्रभावकारी रहेको छ।
- यसलाई राम्ररी सञ्चालन गर्न देहाय बमोजिमको ICT पूर्वधार आवश्यक हुन्छ।
  - 500 GB Hard Disk
  - 2 GB RAM
  - Core-2 Duo Processor
  - Operating System - Microsoft Windows, Linux, Ubuntu मध्ये कुनै एक
  - Internet Speed 256+ Kbps
  - Power Backup
- इन्टरनेट सेवा उपलब्ध नभएको वा भरपर्दो नभएको स्थानमा यसको सञ्चालनका लागि Offline Version तयार गर्ने कार्य भईरहेको छ। आ.ब. २०७४/७५ भित्रै Offline Version Release गर्ने गरी पेफा सचिवालयले प्रणालीमा आवश्यक परिमार्जन गरिरहेको छ ।
- यसलाई www.sutra.gov.np मा राखिएको छ। सम्बन्धित कोलेनिकाबाट user name र Password प्राप्त गरी सञ्चालन गर्न सकिन्छ।

# SUTRA : प्रमुख मोडेलहरू

- SUTRA मा हालसम्म निम्न module हरू विकास भईसकेका छन्
  (१) बजेट तथा कार्यक्रम तर्जुमा
  (२) लेखांकन (सञ्चित कोष र बजेट तथा कार्यक्रम)
  (३) प्रतिवेदन
  (४) कोलेनिका
  (५) अनुगमन
- क्र.सं. १, २ र ३ का Model हरू स्थानीय सरकारका लागि हुन भने क्र.सं. ४ र ५ का Model कोलेनिका, मलेनिका, अर्थ मन्त्रालय र अन्य निकायका लागि प्रतिवेदन र अनुगमन प्रयोजनका लागि विकास गरिएका हुन।
- स्थानीय तहको लागि अत्यावश्यक मानिएका (१) धरौटी र (२) राजस्व Model थप गर्न प्रणाली विकासको कार्य भईरहेको छ। धरौटीको Module पुष मसान्तसम्ममा प्रयोग गर्नका लागि उपलब्ध हुनेछ भने राजस्वको लागि थप केही समय लाग्नेछ।

# SUTRA : कार्यान्वयन योजना

- SUTRA सबै स्थानीय तहसम्म लागू गर्नका लागि PEFA सचिवालयले देहायबमोजिमको योजना बनाएको छः

  (१) ७७ वटा जिल्लालाई समेटी ६ वटा Cluster मा प्रत्येक जिल्लाका कोलेनिकाबाट १ जना र जिल्ला समन्वय समिति वा स्थानीय निकायमध्येबाट कोलेनिका मार्फत सिफारिस भएका १ जना गरी २ जना प्रशिक्षक तयार गर्न Cluster ToT २०७४ माघ १५ भित्र सञ्चालन गरिसक्ने।

  (२) Cluster ToT बाट प्रशिक्षित प्रशिक्षकबाट २०७४ फागुन १५ भित्र सम्बन्धित जिल्लाका प्रत्येक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख समेत २ जनालाई ३ दिने प्रणाली सञ्चालन तालिम सञ्चालन गरिसक्ने।

  (३) प्रणाली सञ्चालनका लागि आवश्यक अन्य व्यवस्थापन गरी दिगो रूप दिन यसको Strategic Plan तयार गरी क्रमशः कार्यान्वयन गर्दै जाने।

  (४) आगामी आ.ब. २०७५/७६ देखि सबै स्थानीय तहमा यो प्रणाली कार्यान्वयनमा ल्याईसक्ने।

- SUTRA को सञ्चालनमा सहजिकरण गर्नका लागि PEFA सचिवालय मातहत एक Support Center स्थापना गरिएको छ । यो प्रणाली सञ्चालनका लागि स्थानीय तहका प्रयोगकर्ताले सहायता कक्षसँग सम्पर्क गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन्।

# SuTRA : विकासको आवश्यकता

- स्थानीय तहको आर्थिक कारोवार महालेखा परीक्षकबाट स्वीकृत ढाँचा र मापदण्ड अनुरुप एकरूपतामा आधारित भई लेखाङ्कन/अभिलेखाङ्न गर्न,
- स्थानीय तह, प्रदेश तथा संघका विभिन्न निकायमा गर्नुपर्ने वित्तीय प्रतिवेदन समयमै गुणात्मक रूपमा उपलब्ध गराउन,
- स्थानीय सरकारको जिम्मेवारी जवाफदेहिता व्वयस्थित गर्न,
- स्थानीय आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि गर्न सहयोग गर्न,
- स्थानीय तहलाई वित्तीय नियन्त्रण र अनुशासन कायम गर्न मद्दत पुर्याउन,
- स्थानीय तहको वित्तीय कारोवार विश्वसनीय वनाउन,
- प्रचलित आर्थिक कानूनको पालनामा सघाउ पुर्याउन,
- सम्बन्धित स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका लागि,
- वित्तीय जोखिम विश्लेषण गर्न सहज रूपमा तथ्यांक आधारत तयार गर्न
- वित्तीय साधनको उपयोगमा 3E (Economy, Efficiency & Effectiveness) कायम गर्न

# SUTRA प्रणालीका विशेषताहरू

**सुत्र प्रणालीबाट बजेट तथा कार्यक्रम तर्जुमा गरेपछि देहायका विवरणहरू स्वत: तयार हुन्छन्**

- राजस्व तथा खर्च अनुमानको अभिलेख र विश्लेषण,
- गाउँपालिका वा नगरपालिकाको विनियोजन ऐन,
- कार्यक्रम र बजेटको विस्तृत विवरण (रेडबुक),
- स्थानीय सभामा पेश हुने बजेट सम्बन्धी सबै अनुसूचिहरु,
- कार्यक्रमहरुको चौमासिक विभाजन सहितको विवरण,
- कार्यक्रमको क्षेत्रगत, उपक्षेत्रगत, कार्यक्रमगत, खर्च शीर्षकगत विवरण,
- बजेट तथा कार्यक्रम सँग सम्बन्धित अन्य विवरणहरू

# SUTRA अन्य विशेषताहरू

- बेभवेसमा आधारित, अफलाइनमा पनि चलाउन सकिने,
- बजेट तथा कार्यक्रम सम्बन्धी सबै विवरण अभिलेख गर्न सकिने,
- राजस्व अनुमान अभिलेख गर्ने अलग ब्यवस्था,
- आन्तरिक तथा अनुदान रकमको अलग अलग खर्च अनुमान प्रणाली,
- लक्षित समूह अनुसार बजेट तथा कार्यक्रम तर्जुमा,
- बजेट सम्बन्धी निर्धारित अनुसूचि एबंम् प्रतिवेदन तयार,
- बजेट उपशीर्षकमा आधारित खर्च अनुमान,
- विभिन्न पाँच तहमा बजेट अनुमान गर्ने अनिबार्यता,
- बजेट अभिलेखमा कार्यक्रमको विस्तृत अभिलेखन,
- बहुबर्षीय कार्यक्रमको अभिलेखन सम्बन्धी ब्यवस्था,
- आगामी दुई बर्षको खर्च अनुमान तथा प्रक्षेपण ,
- सशर्त अनुदानका सबै कार्यक्रम र बजेट प्रविष्टि गरिएको,

# SUTRA अन्य विशेषताहरू

- कामको प्रकृति अनुसार कार्य विभाजनको ब्यवस्था,
- एकभन्दा बढी प्रयोगकर्ताले चलाउन सकिने,
- बजेट उपशिर्षकमा आधारित लेखाङ्कन गर्ने पद्धति,
- स्थानीय सञ्चित कोषको लेखाङ्कन सम्बन्धी अलग ब्यवस्था,
- लक्षित समूहको खर्च अभिलेख एबंम् प्रतिवेदन,
- चालू तथा पूँजिगत सम्बन्धी लेखाङ्कन कार्यमा एकरुपता,
- बैक हिसाव मिलान विवरण वनाउने अनिबार्य ब्यवस्था,
- स्थानीय तह सबैको नाम सिष्टममा नै अभिलेख गरिएको,
- सबै प्रतिवेदन Excel मा सजिलै बनाउन सकिने,
- बैक हिसाव मिलान विवरण वनाउने ब्यवस्था,
- नेपाली यूनिकोडको प्रयोग गरिएको,

# SUTRA: स्थानीय तहको स्रोत व्यवस्थापन

१. संघीय सरकार ।

२. प्रदेश सरकार ।

३. राजस्व बाँडफाँड ।

४. आन्तरिक आम्दानी ।

५. बैदेशिक श्रोत ।

६. अन्तर स्थानीय तह ।

७. जनसहभागिता ।

८. गत बर्षको मौज्दात ।

# SUTRA : बजेट तर्जुमा क्रम

१. राजस्वका श्रोत तथा अनुमानको प्रस्ताव।

२. आन्तरिक तर्फको खर्च अनुमान ।

३. अनुदान तर्फको एकमुष्ट खर्च अनुमान ।

४. अनुदान तर्फको रकमको विस्तृत प्रविष्टि ।

५. बजेट तथा कार्यक्रमको स्वीकृति ।

# SUTRA : राजस्व अनुमान प्रक्रिया

- आर्थिक बर्षको छनोट ।
- श्रोतको प्रकार यकीन ।
- बजेटको श्रोत र तहको पहिचान ।
- राजस्वको श्रोत छनोट ।
- राजस्व प्राप्ति विधि निक्यौंल ।
- अघिल्लो आर्थिक बर्षको यथार्थ अनुमान ।
- चालू बर्षको संशोधित अनुमान ।
- आगामि आर्थिक बर्षको प्रक्षेपित अनुमान ।

# SUTRA : बजेट उपशिर्षक र कार्यक्रम

- स्थानीय तहको मूल बजेट शीर्षक एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको अनुसूची १ बमोजिम व्यवस्थित,
- पुरै स्थानीय तह जनाउन एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्यामा प्रयोग भएको बजेट शीर्षकलाई नै उपशीर्षक कायम गरिएको,
- स्थानीय बजेट उपशीर्षकका लागि थप ३ अंक थप गरी व्यवस्थित गरिएको,
- थप गरिएको ३ अंकमा १०० देखी १९९ सम्म स्थानीय निकायको कार्यालयले खर्च लेख्ने शीर्षक, २०० देखी २९९ सम्म सम्बन्धित वडाले खर्च लेख्ने शीर्षक, ३०१ देखि ३९९ सम्म विषयगत शाखाका लागि शीर्षक, ४०१ देखि ४९९ सम्म विविध कोष खाताहरू र ५०१ देखि अन्य हस्तान्तरित कार्यकमका लागि शीर्षक कायम गरी प्रणालीमा समावेश गरिएको,
- आवश्यकता अनुसार बजेट उपशीर्षक थप गर्न सकिने,
- कृषि शिक्षा तथा स्वास्थ्यको बजेट शीर्षक र त्यसको आ.ब. २०७४/७५ को बजेट तथा कार्यक्रम सिष्टममा नै अपडेट गरिएको ।

# SUTRA : खर्च अनुमान प्रकृया

पहिलो चरणः आन्तरिक श्रोतको खर्च अनुमान।

दोस्रो चरणः अनुदान रकमको अनुमानको एकमुष्ट प्रविष्टि।

तेस्रो चरणः अनुदान रकमको विस्तृत खर्च अनुमान।

चौथो चरणः कार्यक्रमको विस्तृत विवरण प्रविष्टि।

१. उपशीर्षकको छनोट

२. खर्चको क्षेत्र यकीन

३. क्षेत्रसँग सम्बन्धित उपक्षेत्रको पहिचान

४. उपक्षेत्र अन्तर्गतको मुख्य क्रियाकलापको छनोट

५. मुख्य कार्यक्रम प्रविष्टि र खर्च शीर्षकको यकीन

६. आयोजना वा कार्यक्रमको नाम प्रविष्टि

७. कार्यक्रमको संक्षिप्त विवरण - ठेगाना आदि

८. खरिद योजना तथा लक्षित समूहको छनोट

९. परिमाण तथा लागत प्रविष्टि, बजेट अनुमान

१०. बजेटको श्रोत, तह, प्रकार र विधिको छनोट

११. बहुबर्षिय योजनाको कूल परिणाम वा लागत

१२. अघिल्लो आर्थिक बर्षको उपलब्धि

१३. आगामी दुई बर्षको खर्चको अनुमान।

# SUTRA : खर्चका मुख्य क्षेत्र र उपक्षेत्र

१. आर्थिक विकास

२. सामाजिक विकास

३. पूर्बाधार विकास

४. वातावरण तथा विपद ब्यवस्थापन

५. संस्थागत विकास तथा सेवा प्रवाह

६. वित्तीय ब्यवस्थापन र सुशासन क्षेत्र

७. कार्य सञ्चालन तथा प्रशासनिक खर्च

# SUTRA : खर्चका मुख्य क्षेत्र र उपक्षेत्र

- **आर्थिक विकास -** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन सहकारी, वित्तीय क्षेत्र,
- **सामाजिक क्षेत्र -** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
- **पूर्बाधार विकास क्षेत्र -** सडक तथा पूल, सिचाइ, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार, खानेपानी पूर्बाधार,
- **वातावरण तथा विपद ब्यवस्थापन -** वन तथा भूसंरक्षण जलाधार संरक्षण, वातावरण संरक्षण, जलबायु परिवर्तन, फोहरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद ब्यवस्थापन, बारुण यन्त्र सञ्चचालन, ल्यान्डफिल्ड साइट,
- **संस्थागत विकास तथा सेवा प्रवाह -** मानव संशाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणालि, सेवा प्रवाहमा मापदण्ड निर्धारण, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, अभिलेख ब्यवस्थापन, सुरक्षा ब्यवस्थापन,
- **वित्तीय ब्यवस्थापन र सुशासन** - लेखाङ्कन तथा राजस्व परिचालन, सामाजिक परीक्षण, अन्तिम लेखापरीक्षण तथा वेरुजू, सार्वजनिक सुनुवाई, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण, वित्तीय अनुशासन तथा जोखिम न्यूनीकरण,
- **कार्य संञ्चालन तथा प्रशासनिक खर्च** - कार्य सञ्चालन सम्बन्धी चालू तथा पूँजिगत खर्चहरू

# SUTRA : बजेट स्वीकृति

- राजस्व अनुमान एबं खर्च अनुमान अर्थात् बजेट सम्बन्धित स्थानीय तहको सभाबाट पारित अर्थात् स्वीकृत भएपछि प्रणालीमा स्वीकृति जनाइसकेपछि परिवर्तन गर्न सकिदैन।
- परिवर्तन गर्नुपरे रकमान्तरको सीमाभित्र रही थप वा घट गर्न सकिन्छ।
- थप परिवर्तन गर्नुपरेमा पुरक बजेटको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

# SUTRA : लेखाङ्कन चरण

१ सम्बन्धित गाउँ वा नगर सभाबाट बजेटको स्वीकृति ।

२ बैक सम्बन्धी विवरणको प्रविष्टि ।

३ खाता अनुसार चेक नम्बर प्रविष्टि ।

४ बजेट उपशीर्षक र बैक खाता बीच चिनाजान

५ भुक्तानी पाउने ब्यक्ति वा फर्मको विवरण प्रविष्टी ।

६ पेश्की खाताको तयारी ।

७ भौचरमा हस्ताक्षर गर्ने ब्यक्तिहरुको नाम प्रविष्टि ।

८ आवश्यकता अनुसार लेखा तयारी र प्रविष्टि ।

# SUTRA : बजेट लेखांकन

- बजेट स्वीकृत गरेपछि मात्रै लेखांकनको प्रक्रिया शुरू गर्न सकिन्छ
- लेखांकन दुई तहमा गर्नुपर्दछ

  (१) सञ्चित कोषको लेखांकन

  (२) चालु तथा पूँजीगत खर्च खाताको लेखांकन
- लेखांकनको स्वीकृत बजेट अनुसार उपशीर्षकगत आधारमा क्रियाकलाप वा योजना बमोजिम हुने व्यवस्था गरिएको छ।
- लेखांकनमा सरलिकरणका लागि क्रियाकलापमा आधारित गरिएको छ,
- खर्चको भौचर स्वीकृत भएपछि चेक स्वतः चेक हुन्छ,
- बैंकबाट साटिएको चेकको विवरण प्रविष्टि गरेपछि बैंक हिसाब मिलान व्यवस्था स्वतः तयार हुन्छ।
- यो प्रणालीका आधारमा लेखांकन गरिएमा स्वतः खर्चका सबै प्रकारका प्रतिवेदनहरू तयार हुन्छन्।
- माथिल्ला निकायमा गर्नुपर्ने प्रतिवेदन प्रणालीबाटै स्वतः तयार हुन्छन्।

# SUTRA : प्रतिवेदन

- सबै प्रकारका प्रतिवेदनहरू बहुतहमा प्राप्त गर्न सक्ने गरी Dynamic reporting व्यवस्था
- बजेट तर्जुमा र लेखांकन तथा खर्च सम्बन्धी प्रतिवेदनहरू स्वतः तयार हुने
- आवश्यक प्रतिवेदनको प्रकार छनौट गरी बहु तहमा प्रतिवेदन हेर्न सकिने,
- प्रतिवेदनहरू आवश्यकता अनुसार प्रिन्ट गर्न वा Excel मा export गरी मिलाउन सकिने
- लेखांकनसँग सम्बन्धित प्रतिवेदनहरू मलेप फारामको ढाँचामा रहेका ।

# धन्यवाद